प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

# कानून तर्जुमा सुझाव समिति सम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकारको आवश्कता र कार्यान्वयन योग्य कानूनको पहिचान गरी त्यस्ता कानूनको मस्यौदा तर्जुमा गर्नको लागि कानून तर्जुमा सुझाव समिति गठन गर्न बाञ्छनिय भएकोले प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कानून तर्जुमा सुझाव समिति सम्बन्धी कार्यविधि, २०७५ बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "कानून तर्जुमा सुझाव समिति सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालयहरु सम्झनु पर्छ ।

(ग) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिवलाई जनाउँछ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको संयोजक समेतलाई जनाउँछ ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ

३. समितिको गठन : (१) नेपालको संविधान बमोजिम प्रदेशको एकल अधिकार सूची र साझा सूचीमा रहेका विषयमा प्रदेश सरकारले तर्जुमा गर्नुपर्ने कानूनको पहिचान र विश्लेषण गरी प्राथमिकताका आधारमा कानूनको मस्यौदा तयार गर्न गराउनका लागि देहाय वमाजिमको कानून तर्जुमा सुझाव समितिको गठन गरिएको छ ।

(क) सुदूरपश्चिम प्रदेश सरकारको मुख्यन्यायाधिवक्ता - संयोजक

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा रही काम गरिसकेका वा अधिवक्ताको हैसियतले कम्तीमा १०वर्ष कानून व्यवसायीको रुपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले नियुक्ति गरेको व्यक्ति तीनजना- सदस्य

(ग) सचिव (कानून) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय- सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय- सदस्य

(ङ) उपसचिव(कानून) आन्तरिक मामिला तथा कानून मन्त्रालय- सदस्य सचिव

(२) प्रदेशका विषयगत मन्त्रालयको कानून तर्जुमा गर्दा समितिले आवश्यकता अनुसार विषयगत, विज्ञ तथा पदाधिकारीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. सदस्यको योग्यता : (१) उपदफा ३ को खण्ड (ख) बमोजिम मनोनयन हुने समितिका सदस्यहरुको योग्यता दफा ३ को उपदफा (१) मा उल्लिखित योग्यताको अतिरिक्त देहायका योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) ४० वर्ष उमेर पूरा भएको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा कम्तीमा स्नातक तह उत्तिर्ण गरेको,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

(ङ) कुनै विदेशी राष्ट्रको डाइभरसिटी भिसा (डि.भि.) वा स्थायी आवासीय अनुमति प्राप्त नगरेको,

(च) कुनै वित्तिय संस्थाको कालोसूचीमा नपरेको,

(छ) कुनै सरकारी रकम तिर्न, बुझाउन बाँकी नरहेको,

(ज) मनोनयन हुन पूर्व कुनै राजनीतिक दलको सदस्यता नलिएको ।

(झ) कुनै लाभको पद धारण नगरेको ।

५. समितिको कार्य अवधि : (१) समितिको कार्यअवधि समितिले काम सुरु गरेको मितिले ६ महिना हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यक ठानेमा समितिको समयावधि बढीमा ६ महिना मात्र थप गर्न सक्नेछ ।

६. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालको संविधान बमोजिम प्रदेश स्तरमा तर्जुमा गर्नु पर्ने ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, गठन आदेश लगायतका कानूनको पहिचान गर्ने र आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गर्ने,

(ख) खण्ड (क) बमोजिम पहिचान गरिएका विषयहरुको प्राथमिकताका आधारमा कानूनको मस्यौदा (व्याख्यात्मक टिप्पणी सहित) तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ग) कानूनको तर्जुमा, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित सरोकारवाला निकाय वा संस्थासँग राय एवं परामर्श लिने,

(घ) कानूनको मस्यौदा तयार तथा परिमार्जन गर्ने सिलसिलामा आवश्यकतानुसार विज्ञको राय परामर्श लिने ।

७. सदस्य नरहने अवस्था: (१) पदेन सदस्यबाहेक अन्य सदस्य देहायको अवस्थामा नरहेको मानिनेछ:-

(क) निजले प्रदेश सरकार समक्ष राजीनामा दिएमा,

(ख) निजको कार्यावधि पूरा भएमा,

(ग) निजको मृत्यु भएमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संयोजक वा सदस्यले आफुलाई तोकिएको जिम्मेवारी पूरा नगरेको र कार्य सम्पादन गर्न नसकेको भन्ने लागेमा प्रदेश सरकारले निजहरुलाई जुनसुकै बेला जिम्मेवारी बाट हटाउन सक्नेछ ।

तर त्यसरी जिम्मेवारी बाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

८. समितिको बैठक : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति र समयमा बस्नेछ ।

(३) समितिको निर्णय सदस्यसचिवले प्रमाणित गर्नेछ ।

(४) समितिले बैठकमा आवश्यकतानुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

९. सदस्यको सुविधा : समितिको सदस्यले देहाय बमोजिमको सुबिधा प्राप्त गर्नेछ ।

(१) राजपत्राङ्कीत प्रथम श्रेणी सरह बैठक भत्ता,

(२)एक महिनामा वढीमा ७ दिनको दैनिक भम्रण र यातायात खर्च वापतको रकम,

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७५

तर समितिको निर्णय अनुसार कानून निर्माण कार्यको लागि भ्रमण गर्ने सदस्यले दैनिक भम्रण र यातायात खर्च वापतको रकम भुक्तानी लिदा भ्रमणको प्रतिवेदन समिति समक्ष अनिवार्य पेश गरेको हुनुपर्नेछ ।

(२)समितिले उपदफा (१) को प्रतिवेदन उपर तत्काल छलफल गर्नेछ ।

(३)पदेन सदस्यको हकमा निजको पद अनुसार नियमानुसार सुविधा प्राप्त गर्नेछ ।

१०. <u>समितिको खर्च</u> : समितिलाई आवश्यक पर्ने खर्च प्रदेश सरकारले व्यवस्था गर्नेछ ।

११. <u>दोहोरो सुविधा लिन नपाईने</u> : यस कार्यविधि बमोजिम मनोनयन हुने सदस्यले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए वा तलब लिएको भए हालको पदको तलव वा निवृत्तिभरण वा बैठक भत्ता मध्ये कुनै एक मात्र सुविधा प्रदान गरिनेछ ।

१२. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u> : समितिले आफूले गरेको काम कारवाहीको जानकारी मासिक रुपमा महिना समाप्त भएको सात दिन भित्र र अर्धबार्षिक प्रतिवेदन ६ महिना समाप्त भएको एक महिना भित्र आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१३. <u>सहयोग गर्नुपर्ने</u>: समितिको काम कारवाहीको सम्बन्धमा सरोकारवाला मन्त्रालय, कार्यालय तथा पदाधिकारीहरुले समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१४. <u>प्रतिवद्धता जनाउनु पर्ने</u> : आफ्नो कार्यभार सम्हाल्नु अघि संयोजक र सदस्यले अनूसुची १ बमोजिमको ढाँचामा प्रतिवद्धता जनाउनु पर्नेछ ।

१५. <u>प्रदेश सरकार सँग सम्पर्क</u> : समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

## अनुसूची

(दफा १४ सँग सम्बन्धित)

### प्रतिवद्धता

म ..................ले सुदूरपश्चिम प्रदेशको ......................पदमा रही सेवा गर्दा नेपालको संविधान र प्रदेशको आवश्यकता अनुसार कानूनको पहिचान तर्जुमा लगायतका कार्यहरु आफ्नो पदीय हैसियत अनुसार मन, वचन र कर्मले प्रतिवद्ध रही जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पुर्वाग्रह वा खराव भावना नलिई पदिय गोपनियता कायम राखी ईमानदारी साथ कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

मितिः

नाम, थरः

दस्तखतः